296

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त यशोदा तिम्सिना

## आदेश

मु.नं. २१३/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ८ नं. डिभिजन सडक कार्यालय, विदुर नगरपालिका, नुवाकोट .....................१ विपक्षी
सूचना अधिकारी, ८ नं. डिभिजन सडक कार्यालय, विदुर नगरपालिका, नुवाकोट ....................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले ८ नं. डिभिजन सडक कार्यालय, विदुर नगरपालिका, नुवाकोट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम ८ नं. डिभिजन सडक कार्यालय, विदुर नगरपालिका, नुवाकोटको मिति २०७१।११।०१ र २०७१।११।१४ च.नं.६४४, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | |
|---|---|
| ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल चैत्र २० गते रोज ६ शुभम् ।